# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः २१, चैत्र १९ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।१२।१९

सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने तथा समाज सुधारका लागि स्थापना भएका संस्थाहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (४) (ठ), व्यास नगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७९ को दफा १८ र व्यास नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, समूह अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई सम्झनु पर्छ ।

(ख) "दर्ता अधिकारी" भन्नाले व्यास नगरपालिकाले निर्णय गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ग) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समिति सम्झनु पर्छ ।
(घ) "कार्यक्षेत्र" भन्नाले व्यास नगरपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय नगरपालिका भित्र सञ्चालन भएकोलाई सम्झनु पर्छ ।
(ङ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।
(च) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।
(छ) "ऐन" भन्नाले व्यास नगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७९ सम्झनु पर्छ ।
(ज) "आर्थिक ऐन" भन्नाले हरेक वर्ष व्यास नगरपालिकाको नगर सभाबाट पारित भई निर्माण भएको आर्थिक ऐन सम्झनु पर्छ ।

## परिच्छेद २
## संस्था दर्ता सम्बन्धी व्यवस्था

३. **दर्ता नगरी संस्था खोल्न नहुने** : यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

४. **संस्था दर्ता :** (१) संस्था स्थापना गर्न चाहने कम्तिमा सात जनादेखि बढीमा १५ जनासम्मका पदाधिकारीहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई ऐनको अनुसूची ४ मा दिइएको ढाँचा अनुसारको संस्थाको प्रमाणित विधानको दुई प्रति र आर्थिक ऐनले तोकेको दस्तुर तिरेको रसिद सहित ऐनको अनुसूची १ को ढाँचामा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम :
(ख) संस्थाको उद्देश्य र कार्य क्षेत्र :
(ग) कार्य समितिको निर्णय र सदस्यहरुको नाम, ठेगाना र पेशा :
(घ) आर्थिक श्रोत :
(ङ) कार्यालयको ठेगाना :

(२) उपदफा (१) बमोजिमको निवेदन पेश गर्दा देहायबमोजिमका कागजातहरु संलग्न भएको हुनु पर्नेछः

(क) मुख्य कार्यालय रहेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
(ख) कार्य समितिका सदस्यहरुको फोटो र नागरिकताको प्रमाणित प्रतिलिपि,
(ग) असल चालचलन भएको प्रहरीको सिफारिस पत्र,

(३) उपदफा (१) बमोजिमको निवदेन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा ऐनको अनुसूची २ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि ऐनको अनुसूची ३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

(४) दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदनलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजूर प्राप्त भएपछि प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(६) संस्था दर्ता गरिसकेपछि दर्ता अधिकारीले विधानलाई प्रमाणित गरी एक प्रति कार्यालयमा राख्ने र अर्को प्रति संस्थालाई दिनु पर्नेछ ।

५. **दर्ताको अवधि, नवीकरण र दस्तुर** : (१) उपदफा (२) बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारीबाट आर्थिक ऐनले तोकेको दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ । यसरी नवीकरण गर्न आउँदा लेखा परीक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, नवीकरण सम्बन्धी कार्यसमितिको निर्णय, कर चुक्ता प्रमाण पत्र र वडाको सिफारिस पेश गर्नु पर्दछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा दर्ता अधिकारीले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा आर्थिक ऐनले तोके बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछः

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि आर्थिक ऐनले तोकेको दरले थप जरिवाना समेत लिई दर्ता अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(६) नगर क्षेत्रमा जिल्ला प्रशासन कार्यालय तनहुँद्वारा दर्ता भई कृयाशील भएका संस्थाहरु समेत नगरपालिकामा सूचिकृत हुनु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी दर्ता अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

६. **संगठित संस्था मानिने** : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी दर्ता अधिकारीले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

८. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महीनाभित्र यो कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद ३

## संस्थाको उद्देश्य तथा हिसाब जाँचसम्बन्धी व्यवस्था

९. **संस्थाको उद्देश्यहरुमा हेरफेर** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ ।

तर, सो प्रस्ताव लागू गर्न दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. **हिसाबको विवरण पठाउनुपर्ने** : कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष दर्ता अधिकारी कहाँ पठाउनु पर्नेछ ।

११. **हिसाब जाँच गर्ने** : (१) दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत दर्ता अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन दर्ता अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

## परिच्छेद ४

## विविध

१२. **निर्देशन दिने** : व्यास नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१३. **दण्ड सजाय** : (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ८ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही पाँच हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा १० बमोजिम हिसाबको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही एक हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा १० उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा ११ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई दर्ता अधिकारीले एक हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ९ बमोजिम दर्ता अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अको संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१४. <u>पुनरावेदन</u>** : दफा १३ बमोजिम दर्ता अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१५. <u>संस्थाको विघटन र त्यस्को परिणाम</u>** : (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा व्यास नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

**१६. <u>अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने</u>** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. <u>खारेजी</u> :** व्यास नगरपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०७६ खारेज गरिएको छ । उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत